ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २३५

१५ जेठ २०८० सोमबार

29 May. 2023, Monday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## वडाअध्यक्षमाथि कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ




**दिपक कर्ण**

**जेठ १४ गते, जनकपुर**

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२४ बसहियाका स्थानीयबासीले जिल्ला प्रशासन कार्यालय धनुषा घेराउ गरेका छन् । स्थानीयबासीहरूले सोही वडाका वडाअध्यक्ष उपेन्द्र सहनीविरुद्ध विरोध प्रदर्शन गर्दै आइतबार दिउँसो जिल्ला प्रशासन कार्यालय धनुषा घेराउ गरेका हुन् ।

उनीहरूले सार्वजनिक जग्गा जातीय अतिक्रमण गर्न पाइँदैन, भ्रष्ट र तानाशाह वडाअध्यक्ष मुर्दावाद, दोषीलाई कारबाही गर, सामाजिक सद्भाव कायम गर लगायतका मागसहितको प्लेकार्ड बोकेर प्रदर्शन गरेका छन् ।

गत बिहीबार बिहान करिब ८ बजेको समयमा बसहियाको जदुर ाउत पोखरीको डिलमा अवस्थित ऐलानी जग्गामा वडाध्यक्ष सहनीले सहनी धर्मशाला बनाउन खोज्दा स्थानीयवासीले विरोध जनाएका थिए ।

उनीहरूले सार्वजनिक जग्गामा कुनै एक जातको जातीय कुट्टी नबनाई सामुदायिक दलान बनाउनु पर्ने मागसहित रोक्न खोज्दा वडाध्यक्ष सहनीसहित प्रमोद सहनी, चन्दन सहनी, शिवरत्न सहनी लगायत दर्जनौं व्यक्तिले स्थानीय सुनिल यादव, सुरुज यादव, अमीर्ती देवी, अजय राउत लगायतका करिब एक दर्जन व्यक्तिलाई निर्घात कुटपिट गरेको आरोप लगाइएको छ ।

घाइतेहरू मध्ये ३५ वर्षीय सुनिल यादवको अवस्था गम्भीर भएपछि उनलाई थप उपचारका लागि शनिबार साँझ प्रादेशिक अस्पताल जनकपुरधामबाट काठमाडौं लगिएको छ । यादव स्थानीय तहको निर्वाचनमा जनमत पार्टीको तर्फबाट वडाअध्यक्ष पदका उम्मेदवार थिए ।

केही दिन अगाडि उक्त वडाका प्रत्याशी उम्मेदवार विशेश्वर शर्मासहितका स्थानीयले वडाध्यक्ष सहनीविरुद्ध नगर प्रमुख मनोजकुमार साहलाई ११ बुँदे ज्ञापन पत्रसमेत बुझाएका थिए । गत वैशाख २१ गते वडाअध्यक्ष सहनीले नगर प्रहरी र जिरोमाइल प्रहरी चौकीको सहयोगमा सिक्सलेन सडक खण्डमा रहेको भोला मण्डलको बालुवा उठाई उपमहानगरमा नबुझाई बेचेको र बाँकी आफ्नै बालुवा गिट्टीको डिपोमा राखेको लगायतका आरोप उनीहरूको थियो ।

घटनापश्चात् स्थानीय प्रशासनले मिलापत्र गर्न दबाब दिएको भन्दै आइतबार जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय घेराउ गरेको स्थानीय विजय यादवले जानकारी दिए। उनीहरूले कुटपिट गर्नेमाथि मुद्दा दर्ता गर्न माग गर्दै प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई ज्ञापन पत्रसमेत बुझाएका छन् ।

## रेशम चौधरीलाई आममाफी, महतोलाई भएन् राहत

**खबर दर्पण समाचारदाता**

**जेठ १४ गते, महेन्द्रनगर**

नेपाल सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिक उन्मुक्ति पार्टीका नेता र ेशम चौधरी सहित १९ जनालाई आममाफी दिएका छन् । गणतन्त्र दिवसको पूर्व सन्ध्यामा सरकारले नेता चौधरी सहितका १९ जनाको नाम आममाफी र कैद मिनाहा हुने गरी आइतवार सिफारिस गरेको थियो । सरकारले चौधरीलाई आममाफी दिन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार बिहान बसेको मन्त्रिपरिषद्को वैठकले नेता चौधरीलगायत बन्दी जीवन बिताइरहेका व्यक्तिलाई आममाफी र कैद मिनाहा हुने गरी सिफारिस गर्ने निर्णय गरेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले मन्त्रिपरिषद् निर्णयबारे जानकारी दिँदै गणतन्त्र दिवसका अवसरमा नेता



रेशम चौधरी — लक्ष्मी महतो

चौधरीको बाँकी सजाय मिनाहासँगै आममाफी दिन सिफारिस गरिएको बताइन् । 'सोमबार गणतन्त्र दिवस छ, गणतन्त्र दिवसका सन्दर्भमा केही कैदीको बाँकी सजाय माफी गर्ने र ५० प्रतिशत सजाय काटिसकेकाको हकमा जुन निर्णय गर्ने प्रचलन छ, त्यसका निम्ति निर्णय भएको छ' उनले भनिन् मुख्य निर्णय रेशम चौधरीको निवेदनका आधारमा र राष्ट्रपति कार्यालयले सोधिएका केही विषयलाई पनि सम्बोधन गरेर राष्ट्रपति कार्यालयमा सिफारिस गर्ने भन्ने आइतबारको निर्णय छ ।' सरकारको सिफारिस अनुसार राष्ट्रपतिले आममाफी दिएपछि नेता चौधरी सोमबार गणतन्त्र दिवसका अवसरमा जेलमुक्त हुनेछन् ।

विसं २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थरुहट थारुवान आन्दोलनका क्रममा नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात सुरक्षाकर्मी र एक नाबालकको मृत्यु हुने गरी भएको हिंसात्मक घटनाका आरोपित चौधरी जेल चलान भएका थिए । उनलाई जिल्ला अदालत कैलाली, उच्च अदालत दिपायल र सर्वोच्च अदालत समेतले जन्मकैदको सजाय

*बाँकी पृष्ठ २ मा*

## धनुषामा विपदबाट जोगिन तयारी शुरु

**अजयकुमार झा**

**जेठ १४ गते, जनकपुर**

वर्षा शुरु भएकाले बाढीसहित अन्य विपद्जन्य जोखिमलाई न्यून गर्नका लागि धनुषामा पूर्व तयारी शुरु भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति धनुषाको आयोजनामा भएको पालिका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूको बैठकमा जोखिम न्यूनीकरणका लागि आवश्यक पर्ने साधन श्रोतको व्यवस्थापन गर्ने प्रतिबद्धता प्रकट गरियो । विपद्का लागि आवश्यक पर्ने साधन श्रोत उपलब्ध गराउने प्रतिबद्धता स्थानीय तहका प्रमुख/उपप्रमुखहरूले गर्नुभयो ।




सम्भावित जोखिमको अवस्थाबारे अनुगमन गर्न जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी राष्ट्रिय अनुसन्धान विभाग तथा सम्बन्धित पालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत सहभागी हुने निर्णय पनि बैठकले गरेको छ ।यसका साथै प्रत्येक वर्ष गर्मीको समयमा आगलागी हुने भएकाले धनुषा जिल्लामा रहेका चार वटा वारुण यन्त्रमध्ये केही बिग्रेको र केही निकै पुराना भएकाले नयाँ वारुण यन्त्र किन्ने योजना आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सबै पालिकाहरूले र ाख्ने भएका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले विपद् आउनु भन्दा अगाडी नै यसबाट हुने जोखिम कम गराउने उद्देश्यले बैठक गरिएको बताउनुभयो ।

बैठकमा जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साहले विपद्बाट हुने जोखिम कम गर्न उपमहानगरपालिका स्थानीय प्रशासनसँग सबै प्रकारको सहकार्यका लागि तयार रहेको बताउनुभयो ।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# गणतन्त्रका सकारात्मक परिणाम ओझेलमा नपरोस्

राजनीतिमा स्वतन्त्रता, प्रशासन यन्त्रमा सदाचारिता, समाजमा अनुशासन र व्यक्तिमा सच्चरित्रता लोकतान्त्रिक गणतन्त्रले खोज्छ । नेपालमा गणतन्त्र स्थापना भएपछि सर्वत्र बढ्दै गएको राजनीतिमा निरङ्कुशता, प्रशासन यन्त्रमा स्वेच्छाचारिता, अनुशासनहीन समाज र व्यक्तिमा उदण्डता जस्ता कुराले तेस्रो जनआन्दोलनको सर्वाधिक महत्वपूर्ण उपलब्धि लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामाथि नै आघात पर्न थालेको छ। आफू मात्रै ठिक र अरू सबै गलत भन्ने भावना राजनीतिक दल र नेतामा बढ्दै जाँदा पश्चगमनका पक्षमा रहेकाहरूलाई शिर ठड्याउने अवसर प्राप्त भइरहेको छ । नकारात्मक परिणामको सङ्ख्या वृद्धि हुँदै जाँदा गणतन्त्रका सकारात्मक परिणाम ओझेलमा पर्दै गएका छन् ।आज गणतन्त्र प्राप्तिको पन्ध्र वर्ष पुग्दै छ । नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् देश र देशवासीले के पाए र के गुमाए भन्ने बारेको बहस केही दिनदेखि चल्न थालेको छ र अबका केही दिन यस्तै छलफलमा बित्नेछन् । यी पन्ध्र वर्ष सफलतै सफलता र खुसी नै खुसीमा पनि बितेनन् र असफलताको माला मात्रै भिरेर बस्नु पर्ने बाध्यता पनि रहेको छैन । आजको दिन भनेको जनतामा थपिएको हर्ष अझ वृद्धि गर्न के गर्ने र आमनागरिकमा पैदा भएका निराशालाई आशामा कसरी बदल्ने भनेर चर्चा परिचर्चा गर्ने दिन हो । एकाथरिको उद्देश्य नकारात्मक परिणामलाई उचालेर गणतन्त्रलाई असफल साबित गर्नु रहेको देखिन्छ भने अर्काथरि सकारात्मक मात्रै कुरा गरेर थाक्दैनन् तर यी दुईका बिचबाट वास्तविकताको मूल्याङ्कन गर्दै नवीन योजनाको तय गर्नु नै अबको आवश्यकता हो ।राजाले बिदा लिएको पन्ध्र वर्ष भइसकेको छ। कुनै दिन पूर्वराजा दुलाबाट बाहिर निस्किए भने उनलाई देखाएर गणतन्त्रमाथि खतरा उत्पन्न भयो भनेर मुलुक हाँक्ने जिम्मेवारी पाएका नेताले सुख पनि पाउँदैनन् । यो गणतन्त्रको भविष्य अब राजकाज छाडेर बसेका पूर्वराजामा निहित छैन कि यसको जस र अपजसको सम्पूर्ण भागीदार पन्ध्र वर्षदेखि शासन सत्ता सह्मालेर बसेका दल र तिनका नेतृत्वले नै लिनुपर्ने हुन्छ । एउटा सर्वसाधारण नागरिकले जसरी सत्ताका विरुद्धमा आवाज उठाउन पाउँछ, त्यसैगरी बेथितिका विरुद्धमा पूर्वराजाले केही बोले भने गणतन्त्रका विरुद्धमा चलखेल सुरु भयो भनी नेताले भन्दैमा जनताले पूर्ण विश्वास गर्ने दिन बितिसकेको छ । त्यसैले सयौं शहीद र हजारौं योद्धाको सत्प्रयासबाट आर्जित गणतन्त्रलाई कुन दिशा दिने भन्ने जिम्मेवारी दलहरूमै रहेको छ ।

# प्रधानमन्त्रीको भारत भ्रमणमा तल्लो अरुण र फुकोट कर्णाली निर्माण सम्झौता हुने

**दिपक भट्ट**

**जेठ १४ गते, काठमाडौं**



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा दुई महत्वपूर्ण जलविद्युत आयोजनाको विकास सम्झौता गर्ने तयारी भएको छ। ४ सय ८० मेगावाटको फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना र ६ सय ७९ मेगावाटको तल्लो अरुण परियोजनाका लागि भारतका दुई कम्पनीसँग सम्झौताको तयारी भएको हो।

प्रधानमन्त्री १७ गतेदेखि भारत भ्रमणमा जाँदै छन्। भ्रमणको क्रममा जलविद्युत तथा प्रसारणलाइन सम्बन्धी आयोजनामा सम्झौता हुने एजेन्डा छ।

लगानी बोर्डले यी दुई परियोजना विकास गर्ने निर्णय सहित लगानी स्वीकृत समेत गरेको छ। चैत १३ गते लगानी बोर्डको बैठकले अर्ध जलाशययुक्त फुकोट कर्णाली आयोजनामा ५१ प्रतिशत भारतीय कम्पनी एनएचपीसीले लगानी गर्ने निर्णय गरेको थियो। त्यसमा नेपालको विद्युत उत्पादन कम्पनी लिमिटेडको ४९ प्रतिशत लगानी रहने छ।

प्रधानमन्त्रीको भारत भ्रमणमा यो सम्झौताका लागि मन्त्रिपरिषदको शुक्रबार बसेको बैठकले सहमति दिने निर्णय समेत गरिसकेको छ।

यो आयोजना निर्माणको लागि ९३ अर्ब २० करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। यसको क्षमता ४ सय ८० मेगावाट छ। उत्पादित बिजुली भारत निर्यात हुने छ।

लगानी बोर्डको सम्झौता अनुसार यो आयोजनाबाट नेपालले २१ दशमलव ९ प्रतिशत विद्युत निशुल्क पाउने गरी भारतीय कम्पनीसँग सम्झौता गर्न लागिएको हो।

त्यस्तै, बोर्डले तल्लो अरुण आयोजनाका लागि ९२ अर्ब ६८ करोड रुपैयाँको लगानी स्वीकृत गरेको छ। गत चैतमा नै लगानी स्वीकृत गरेको हो। ६ सय ७९ मेगावाटको यस परियोजना यसअघि नै डीपीआर तयार गर्ने समझदारी भएको थियो। अब भने निर्माण गर्नेगरी सम्झौताको तयार ी भएको छ।

केपी शर्मा ओली प्रधानमन्त्री रहँदा नै लगानी बोर्डको कार्यालय र सतलज जलविद्युत निगम भारत (एसजेभीएन) बीच समझदारी पत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। त्यो समझदारी अनुसार विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गर्ने काम अघि बढेको थियो। आयोजनाबाट नेपालले २१ दशमलव ९ प्रतिशत अर्थात् १९७ दशमलव १ मेगावाट विद्युत् निःशुल्क पाउनेछ भने बाँकी विद्युत् भारत निर्यात हुनेछ। यी दुई आयोजना प्रधानमन्त्री भ्रमणको क्रममा सम्झौता गर्नेगरी उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले परराष्ट्र मन्त्रालयमा एजेन्डाको रुपमा पठाइसकेको छ।

मन्त्रालयका एक सहसचिव भन्छन्, 'एजेन्डाको रुपमा पठाइको छ। त्यसलाई राख्ने वा नराख्ने भन्ने विषय चाहिँ परराष्ट्र मन्त्रालयले गर्छ।'

त्यसका अलवा प्रसारणलाइनहरुमा समेत सम्झौता हुने उनको भनाइ छ। विशेषगरी त्यसमा मोदी-लेखनाथ प्रसारण लाइनको उद्घाटन गर्ने, गोरखपुर प्रसारण लाइन शिलान्यास गर्ने कार्यक्रम छ।

त्यस्तैगरी बंगलादेशसँग विद्युत व्यापारमा भारतको सहजीकरण र प्रसारण लाइनसम्बन्धी एजेन्डा समेत रहेको छ।

नेपाल र बंगलादेशबीच गत हप्ता मात्रै सचिवस्तरीय बैठक भएको थियो। त्यसमा बंगलादेश र नेपालबीच विद्युत खरिदबिक्री सम्झौता भएको छ। तत्कालको लागि ४० मेगावाट विद्युत बंगलादेशले खरिद गर्ने सहमति भएको थियो। अब भने नेपालले भारतलाई भारत हुँदै बंगलादेको लागि छुट्टै प्रसारण लाइन निर्माणको समेत प्रस्ताव गर्न लागेको हो।

## रेशम चौधरीलाई आममाफी, महतोलाई...

सुनाएका हुन् । वारेसबाट उम्मेदवारी दिएर कैलालीको निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा निर्वाचित भएका चौधरी ३ महिना सांसद रहेका थिए ।

२०७४ फागनु १४ गते उनले अदालतमा आत्मसमर्पण गरेका थिए ।जिल्ला अदालत कैलालीले उनलाई जन्मकैदको सजाय सुनाएदेखि चौधरी हालसम्म जेलमा थिए । सर्वोच्च अदालतले गत हप्ता नै उनलाई जन्मकैदको फैसला गरेको थियो ।त्यस मुद्दामा भने अझै केहि व्यक्तिहरु सजाय काटिरहेका छन् । नागरिक उन्मुक्ति पार्टीका हाल ५ जना सांसद प्रतिनिधि सभामा छन् ।सुदुरपश्चिम प्रदेशमा सो पार्टी सरकार गठनको निर्णाय हैसियतमा रहेको छ ।रेशमका श्रीमती रञ्जना श्रेष्ठ संघीय सरकारमा भूमि व्यवस्था मन्त्री छिन् ।

यस्तै ७ जना जेष्ठ नागरिकसहित ४८२ जनाको बाँकी कैद सजाय माफी भएको छ । संविधानको धारा २७६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ३७ तथा जेष्ठ नागरिक ऐनको दफा १२ बमोजिम उनीहरुको बाँकी कैद सजाय माफी भएको हो ।दफा ३७ मा ५० प्रतिशत कैद भुक्तान गरेका र चालचलनमा सुधार आएका कैदीको सजाय माफी दिन सक्ने व्यवस्था छ । चौधरीलाई जेलमुक्त गर्न बिगतमा पनि प्रयास नभएको होइन् ।तर सरकारले आममाफीका लागि राष्ट्रपतिलाई सिफारिस गर्न सकेको थिएन् । चौधरीलाई आममाफी दिए पनि एमालेका सांसद लक्ष्मी महतो लगायतका केहि नेताहरु सशस्त्र प्रहरीका सई थमन बिकको हत्याका दोषीहरुले राहत पाउन सकेनन् ।उनीहरुलाई आममाफीका लागि मधेश केन्द्रित दलका नेताहरुले आवाज उठाउँदै आएका छन् । बिकको हत्यामा झण्डै दर्जन नेताहरु अदालतबाट सजाय पाएका छन् ।केहि साधारण तारेखमा रिहा भएका छन् ।केहिको सम्पत्ति समेत रोक्का गरिएको छ । बिकको हत्यामा संलग्नहरु मध्ये अधिकांश फरार छन् ।उनीहरु प्रहरीको खोजी सूचीमा रहे पनि पक्राउ हुन सकेका छैनन् ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# उत्पादनको मूल्य र अनुदान नपाएका उखु किसान विकल्प खोज्न थाले

**विजेता चौधरी**

**जेठ १४ गते, काठमाडौं**



आज आइतबार १२ दिन भयो उखु किसानहरुले माइतीघरमा आन्दोलन थालेको। विगत ९ वर्षदेखि आन्दोलित किसानहरुले न अनुदान रकम पाएका छन् न त उखु बेचेको उचित मूल्य नै। किसान आन्दोलित मात्रै छैनन्, उनीहरुमा बढेको निरुत्साहनले उखु खेती आधा घटेको छ। तर यसबारे सरकार बेखबर छ।

कपिलवस्तु किसान संघका अध्यक्ष अनुप चौधरीका अनुसार उखु किसानहरुको मनोबल घटेको छ। उखुको उचित मूल्य नपाइने र अर्कोतर्फ उद्योगीहरुले अनुदानबापतको रकम वर्षौंसम्म नदिएपछि आजित उखु किसानहरु विकल्पको खोजीमा रहेको उनी बताउँछन्।

६८ वर्षिय किसान उदयराज चौधरीले भने, 'उखु खेती पहिलेको तुलनामा अहिले आधामात्रै गरेका छौं।' किन आधामा झार्नु भयो त भन्ने प्रश्नमा उनी भन्छन्, 'साना सख्खर उद्योगहरुले तीनदेखि चार सयमात्रै दिन्छ। उनीहरुलाई उखु बेच्दा दुई सय कम पाइन्छ। अर्कोतर्फ अनुदान पनि पाइन्न। सबैतिरबाट मारमा परेपछि जीविका चलाउनै गाह्रो भयो।'

अर्का उखु किसान फारुखले महालक्ष्मी सुगर मिलबाट १ लाख २५ हजार लिनु पर्नेछ। उनको लागि यो ठूलो रकम हो। उनी भन्छन्, 'उखु राम्रो खेती हो, यसले किसानहरुलाई आर्थिक भर दिन्छ। त्यहि भएर चटक्कै छोड्न पनि सकेका छैनौं। तर पहिलेको तुलनामा अहिले आधामात्रै लगाउने गरेका छौं।'

पहिले जति उखु खेती हुन्थ्यो अहिले त्यसको आधाभन्दा कममा झरेको बताउँदै संघका अध्यक्ष चौधरी सुनाउँछन्, 'कपिलवस्तुका मात्र ८ हजार किसानले सरकारी अनुदान रकम पाउन बाँकी छ। उखु खेती गर्ने ती सबै किसानले पहिलेको तुलनामा भन्दा झण्डै आधा घटाएका छन्। पहिले ठूलो उद्योग थियो, जसले २४ घण्टामा २० हजार क्रसिङ गर्थ्यो। त्यो उठेर गएपछि अहिले साना-साना सख्खर उद्योगहरु २० वटाभन्दा धेरै छन्। तर त्यसले धान्न सकेको छैन। सरकारको फितलो नीतिका कारण हाम्रो खेती एकदमै कमजोर भएको छ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका पूर्वसचिव राजेन्द्रप्रसाद भारीका अनुसार सरकारले उखुलाई प्रमुख औद्योगिक बालीको रुपमा प्राथमिकतामा राखेको छ। यसमा मधेस प्रदेश, सुदूरपश्चिम प्रदेश, कोशी र लुम्बिनी प्रदेशको योगदान रहँदै आएको छ। करिब १ लाख कृषक प्रत्यक्ष रुपमा संलग्न हुने अनुमान गरिएको यो क्षेत्रले तराईका कृषकहरुको जीवनस्तर सुधारको लागि निकै ठूलो सम्भावना बोकेको छ।

**आन्तरिक उत्पादनले ७० प्रतिशत चिनीको माग पूर्ति**

मन्त्रालयअन्तर्गतको कृषि विकास महाशाखाले नेपालमा उखु खेतीको वर्तमान अवस्था तथा सम्भावना नामक प्रतिवेदनमा उल्लेख गरअनुसार नेपालको आन्तरिक उत्पादनले करिब ६० देखि ७० प्रतिशत चिनीको माग पूर्ति गरिरहेको छ।

आर्थिक वर्ष २०७५-७६को तथ्यांकअनुसार कुल खेतीयोग्य जमिनमध्ये ७१ हजार ६२५ हेक्टर क्षेत्रफलमा उखु लगाउने गरिएको छ। जसबाट सरदर ४९.६७ मेट्रिक टन प्रतिहेक्टर उत्पादकत्वसहित ३ करोड ५५ लाख ७ हजार ९३४ टन उखु उत्पादन भएको देखिन्छ। आव २०७५-७६मा सञ्चालनमा रहेका चिनी मिलहरुले वार्षिक २ करोड ८१ लाख २ हजार ८९ क्विन्टल उखु क्रसिङ गरी १ करोड ८२ लाख ५ हजार ४३३ क्विन्टल चिनी उत्पादन गरेका छन्। कुल उत्पादनमध्ये १ करोड ४७ लाख ६७ हजार २६१ क्विन्टल उखु अन्य प्रयोजन जस्तै सख्खर, भेली, जुस, गुडलगायतको उत्पादनमा उपभोग गरेको उल्लेख छ।

वार्षिक घरधुरी सर्वेक्षण २०७२-७३का अनुसार नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष ८ केजीको दरले चिनी खपत हुन्छ। नेपाल चिनी उद्योग संघका अनुसार चिनीको वार्षिक माग २ लाख ५० हजार टन रहेकोमा ६५ प्रतिशत घरायसी प्रयोजनका लागि र ३५ प्रतिशत औद्योगिक प्रयोजनका लागि उपभोग हुने अनुमान गरिएको छ। देशलाई चिनीमा आत्मनिर्भर बनाउँछौं

हाल सञ्चालनमा रहेका उद्योगको वार्षिक चिनी उत्पादन क्षमता ४ लाख ६३ हजार ९५० टन भए पनि अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन भएका छैनन्। नेपाल चिनी उद्योग संघका अनुसार आव २०७४-७५ मा करिब १ लाख ८० हजार टन चिनी उत्पादन भएको थियो, जुन कुल राष्ट्रिय मागको ७२ प्रतिशतमात्र हो।

उखु कृषक उदयराज चौधरी भन्छन्, 'सरकारले किसानको समस्या सम्बोधन गरिदिनु पर्यो, सरकारलाई हामी प्रतिवद्धता जनाउँछौं- चिनीको लागि कसैमाथि निर्भर हुनु पर्दैन। चिनी सबैको घरमा नभई नहुने वस्तु हो, अर्को देशबाट आयात गर्नु पर्दैन।'

चौधरीले पहिले ५ विगाहामा उखु खेती गरिरहेकोमा अहिले दुई विगाहामा मात्रै गरेका छन्। 'सरकारले मलखाद दिँदैन। एक विगाहामा राम्रोसँग खाद, बिउ र मल हालेर खेती गर्यो भने ४ देखि ५ सय क्विन्टल उखु उब्जाउन सकिन्छ। एक विगाहामा उखु लगाउँदा लाग्ने मल, बिउलगायतको लागत ५ सय बढी हुन्छ तर सरकारले सबै परिश्रमसहित ६१० मूल्य तोकेको छ। त्यो मूल्य पनि पाउन नसकेपछि किसान निरुत्साहित भएका हुन्। सरकारको अनुगमन नै छैन। साना सख्खर उद्योगले पनि रकम दिएका छैनन्,' उनले भने।

चौधरीका अनुसार उखु यस्तो बाली हो जुन एक पटक लगाएमा दुई पटकसम्म काट्न मिल्छ। यसले किसानलाई अन्य बाली जस्तै- गहुँ, मटर लगाउन पनि मद्दत मिल्छ।

**उखुको व्यवस्थित बजार छैन**

उखु किसान फारुख भन्छन्, 'उखुको लागि न उचित बजार छ न त व्यवस्थापन नै। धेरै उखु लगायो भने कसलाई बेच्ने भन्ने समस्या छ। भएका उखु मिलहरु भागेपछि साना सख्खर उद्योगलाई बेच्नुपर्छ। उनीहरुसँग खपत सीमित छ। बेचेको उखुको पैसा उठाउनै महिनौं धाइरहनुपर्ने अवसथा छ। त्यसैले पनि उखुखेती गर्ने मनोबल घटेको छ।'

सरकाले प्रतिक्विन्टल ६१० रुपैयाँ मूल्य तोकेको छ। तर साना सख्खर उद्योगमार्फत बेच्दा ४ देखि ५ सय पाउन पनि एकदमै गाह्रो रहेको उनी बताउँछन्। कतिले त त्यति पनि नपाइरहेको चौधरीले बताए। सरकारले तोकेको उखुको मूल्यभन्दा कमै लगाउँछन् साना गुड उद्योगहरुले। त्यो पनि पाएका छैनन् कतिपय किसानले।

**आयातित चिनीसँग प्रतिस्पर्धा गर्न कठिन**

नेपालमा सञ्चालित उद्योगहरु पनि यतिबेला पूर्ण क्षमतामा चलेका छैनन्। सबै दर्ता भएको उद्योगहरु सञ्चालनमा आउने हो भने पूर्ण क्षमतामा चल्न करिब १ करोड टन उखु आवश्यक पर्छ, जुन हालको क्रसिङ परिमाणभन्दा झण्डै ५ गुणा बढी हो।

नेपालमा आत्मनिर्भरताको दृटिले हेर्ने हो भने चिनी उत्पादनको लागि उद्योगको कुल जडित क्षमता देशको आवश्यकताभन्दा अत्यधिक रहेको छ। उद्योग विभागले २०७५-०७६मा गरेको एक अध्ययनअनुसार नेपालमा विभिन्न मुलुकबाट आयात गरिने चिनीको कारणले भन्सारसम्मको चिनीको मूल्य करिब ४२-२० प्रतिकिलो पर्न आएको छ तर सो मूल्यमा भन्सार शुल्क र मूल्य अभिवृद्धि कर समेत जोड्दा आयातित चिनीको मूल्य ६२ रुपैयाँ हुन आएको थियो।

विश्लेषण समितिको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७३-७४मा चिनीको लागत मूल्य प्रतिकिलो ५५.५० देखि ६५.०९ सम्म उल्लेख गरिएको छ। यस्तोमा स्वदेशमा उत्पादित चिनीको पछिल्लो समयमा चिनी उद्योगको तर्फबाट कृषकलाई उखु खरिद गरेबापत लाग्ने लागत ४ सय ७१.२९ सहित अन्य लागत गणना गरी नेपाल चिनी उत्पादक संघले उपलब्ध गराएको आँकडा अनुसार २०७६-७७ को लागि चिनीको लागत ६१-९० रुपैयाँ पर्न आउँछ।

यस्तो अवस्थामा आयातित चिनीसँग प्रतिस्पर्धा गर्न कठिन छ। कृषि विकास महाशाखाले गरेको अध्ययनअनुसार हाल ४१ जिल्लामा उखु खेती गरिँदै आए पनि तराईका ११ वटा जिल्लामा मात्रै व्यावसायिक खेती हुँदै आएको छ। ढोडे, गेवरा, सेतो कोसेरलगायत २० जातका उखु हाल नेपालमा उत्पादन भइरहेको कृषि मन्त्रालयको दाबी छ।

**किन आन्दोलित भए किसान?**

राज्यले किसानलाई दिने भनेको अनुदान रकम चिनी मिल उद्योगीहरुले खाइदिएको र यसमा सरकार गम्भिर नरहेको किसान बताउँछन्। २०७१-०७२ मा सरकाले प्रतिक्विन्टल उखुको लागि २५ रुपैयाँ सरकार पक्षबाट किसानलाई अनुदान दिने निर्णय गरेको थियो भने आर्थिक वर्ष २०७४-०७५ का लागि सरकारले उखुको प्रतिक्विन्टल मूल्य ४ सय ७१ रुपैयाँ २८ पैसा तोकेको थियो। जसमा ३६ रुपैयाँ २८ पैसा प्रतिक्विन्टल सरकारले किसानका लागि अनुदान उपलब्ध गराउने भनेको थियो। आर्थिक वर्ष २०७५-०७६ का लागि सरकारले उखुको मूल्य ५३६ रुपैयाँ २८ पैसा तोकेको थियो।

कपिलवस्तु किसान संघका अध्यक्ष अनुप चौधरीका अनुसार उखुको मूल्य तोक्दा किसानलाई उद्योगीले दिने र सरकारले दिने अनुदानको मूल्य निर्धारण गर्ने बेला नै सरकारले दिने अनुदान किसानले सोझै पाउने भई उद्योगीलाई दिने र उद्योगीले किसानले बेचेको उखुको आधारमा अनुदान रकम उद्योगीबाट पाउने व्यवस्था गरिएको थियो।

उनी सुनाउँछन्, '२०७३ वैशाख २४ मा चिनी उद्योग संघबाट महालक्ष्मी सुगर मिलले अनुदान माग गर्दै अर्थ र कृषि मन्त्रालयलाई सिफारिस गरिदिन भनेको र जेठ ३ मा संघले कृषि र अर्थलाई सिफारिस गर्दै पत्राचार गरेको थियो।' २०७१ सालमा ११ वटा मिललाई सरकारले किसानको अनुदानका लागि रकम दिने भनेकामा सुरुमा ९ वटा मिलले रकम बुझेको र बाँकी दुईमध्ये एउटा महालक्ष्मी सुगर मिलले किसानको अनुदान भ्याटमार्फत करमा समायोजन गरेको पाइएपछि उद्योगले किसानको रकम पहिल्यै लगेको स्पष्ट रहेको उनी बताउँछन्।

तर मिल मालिक वीरेन्द्र कनौडियाले अनुदान रकम आफूले नउठाएको भन्दै पन्छिँदै आएकोमा अहिले सम्पर्कविहिन अवस्थामा छन्। महालक्ष्मी सुगर मिलले क्रसिङ गरेको उखुको आधारमा अर्थ मन्त्रालयबाट २ करोड ४८ लाख २३ हजार ९०० रुपैयाँ लिएको पाइएको थियो।

यता किसानहरु अनुदानको रकम नपाएर आन्दोलनमा उत्रेपछि कनौडियाले रकम खाइदिएको तथ्य खुलेको थियो। सो विषयमा कृषि मन्त्रालयले सोधखोज गर्दा २०७५ मा अर्थ मन्त्रालयले कनौडियाले २ करोड ४८ लाख २३ हजार ९ सय रुपैयाँ आफूले तिर्नुपर्ने कर समायोजन गरेर किसानको अनुदान लिएको जवाफ कृषि मन्त्रालयमा पठाएको थियो।

२०७३ सालमा किसानको अनुदानको रकम उठाएपछि कनौडियाले कपिलवस्तुबाट उद्योगलाई सर्लाही सारेका छन्। यता विगत ९ वर्षदेखि अनुदान पर्खिरहेका उखु किसानहरुले सरकारले पहिले पनि गरेको प्रतिवद्धता पूरा नगरेपछि तेस्रो पटक काठमाडौंको माइतीघरमा आन्दोलनमा उत्रेका छन्।

किसान संघका अध्यक्ष अनुप चौधरी भन्छन्, '९ वर्षदेखि हामी कहिले कृषि, कहिले उद्योग र कहिले अर्थ मन्त्रालय धाइरहेका छौं। तर उपलब्धी केही नभएपछि अनुदानका लागि यस पटक निर्णायक आन्दोलन गर्ने गरी काठमाडौं आएका छौं र भुक्तानीको ग्यारेन्टी नभएसम्म आन्दोलन जारी राख्नेछौं।'

नेपालमा आर्थिक वर्ष २०७५-७६ मा सञ्चालनमा रहेका चिनी उद्योगको संख्या १४ रहे पनि विभागमा भने ३१ वटा उद्योग दर्ता रहेको छ। दर्ता भएका सबै उद्योगको सञ्चालन हुने हो भने वार्षिक ९ लाख ३ हजार १५५ टन चिनी उत्पादनको क्षमता राख्छन्। तर उद्योग विभागले दिएको जानकारी अनुसार हाल १५ वटा उद्योग सञ्चालनमा छन्। दर्ता भएका नयाँ उद्योगसमेत गणना गर्दा हाल चिनी उत्पादन क्षमता ४ लाख ७७ हजार ४५० टन रहेको छ।


## हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

मिथिला नगरपालिका
ढल्केवर, धनुषा

# मानव सेवा नै सबैभन्दा ठूलो सेवा र धर्म हो : सभामुख मण्डल



खबर दर्पण समाचारदाता

**जेठ १४ गते, जनकपुर**

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मानवलाई सेवा गर्नु नै सबैभन्दा ठूलो सेवा र धर्म भएको बताउनुभएको छ ।

जनकपुरधाममा आइतबार मानव सेवा आश्रम जनकपुरधाम शाखाको पहिलो वार्षिकोत्सव समारोहमा सम्बोधन गर्दै सभामुख मण्डलले समाजमा रहेका विभिन्न किसिमका खण्डहरु, विभिन्न समुदायका कारण पनि कहिलेकाहीँ हाम्रो मानवता कतै ओझेलमा पर्नेगर ेकोले हरेक खण्ड वा समुदायभन्दा पहिले हामी मानव भएको कुरा बुझ्नु पर्ने बताउनुभयो।

मानव सेवा आश्रमले सडक आश्रित बन्न पुगेकाहरूका लागि गरिरहेको कामकाजको प्रशंसा गर्दै सभामुख मण्डलले मानवको समृद्धिप्रति मधेश सरकार गम्भीर रहेको बताउनुभयो ।

अब आउने नीति तथा कार्यक्रममा यस विषयलाई समावेश गर्न उहाँले मधेस प्रदेश सरकारलाई सुझाव दिनुभयो । भवनको अभावमा आश्रमले भोग्नुपरेको समस्याप्रति चर्चा गर्नुहुँदै सभामुख मण्डलले जग्गा र भवन निर्माणका लागि स्थानीय र प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा मधेश प्रदेश सरकार का शिक्षा तथा समाज कल्याणमन्त्री महेश यादवले प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन केन्द्रमै अल्झिएकाले जनताको अपेक्षा अनुसार काम गर्न नसकिएको बताउनुभयो । सरकार को अगामी नीति तथा कार्यक्रममा मानव सेवा आश्रमको विषयलाई प्राथमिकताका साथ राखिने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज साहले मधेश प्रदेशको विकासमा गुठी संस्थान बाधक बनिरहेको आरोप लगाउनुभयो । गुठीसम्बन्धी ऐन ल्याउन प्रदेश सरकारसँग आग्रह गर्नुभयो ।

मानव सेवा आश्रमका अध्यक्ष र ामजी अधिकारीको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली सेनाका पृतनापति प्रेमध्वज अधिकारी, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवसहितकाले मानव सेवाको विषयमा आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा मानव सेवा आश्रम जनकपुरधामलाई सहयोग गरेका विभिन्न क्षेत्रका व्यक्तिलाई सम्मान गरिएको थियो । मानव सेवा आश्रम जनकपुरधाममा अहिले ४८ जनाले सेवा लिइरहेको कार्यक्रममा जानकारी दिइएको छ ।

# वडाअध्यक्ष पालले एकल महिलालाई गर्छन् पटक-पटक शारीरिक सम्बन्ध बनाउन प्रस्ताव

खबर दर्पण समाचारदाता

**जेठ १४ गते, रौतहट**



रौतहटको बृन्दावन नगरपालिका वडा नं.७ का वडाअध्यक्ष मदन पालले गाउँकै एक एकल महिलालाई पटक-पटक यौन प्रस्ताव राख्दै आएका छन् । वडा अध्यक्ष पालकै छिमेकी एक महिलाले यस्तो आरोप लगाएकी हुन । वडाअध्यक्ष पालले साना किसान कृषि सहकारी संस्थाबाट निकालेको ऋण र प्रहरीमा परेको मुद्दा मिलाइ दिन्छु भन्दै धमैराकी एकल महिलाई यौन प्रस्ताव गर्ने गरेको ती महिलाले आरोप लगाएकी हुन् ।

६ वर्ष पहिला साना किसान कृषि सहकारी संस्था धमैराबाट घर परिवार चलाउन श्रीमानले ३ लाख रुपैयाँ कर्जा लिएका थिए । धमैरामा १३ धुर जग्गामा घर बनाएर बसोबास गर्दै आएको जग्गा साना किसान कृषि सहकारी संस्था धमैलामा राखेर ऋण लिएको पाँच वर्षपछि श्रीमानको मृत्यु भएको थियो । सो पैसा ब्याज र सावा सहित अहिले पाँच लाख पुगेको छ । त्यो बेला पालले नै साना किसानबाट ऋण निकाल्न सहयोग गरेका थिए ।

अन्दाजी ३५ वर्षकी ती महिला पत्रकारहरु सँग कुराकानी गर्दै गाउँको जेठाजु समेत पर्ने वडाअध्यक्ष पाल ऋण मिनाहा गराई दिने र मुद्दा मलाई दिने भन्दै रातीको ११, १२ बजेतिर गाउँ नजिकै रहेको पुल तथा खेत तिर बोलाउने गरेको आरोप लगाएकी छन् । करिब ६५ वर्षका उमेरका वडाअध्यक्ष पालले आफुले भनेको ठाउ आँउदा ऋणनै माफ गराइदिने कुरा गर्ने गरेको महिलाको आरोप रहेको छ । पालले बोलाएको ठाउमा न गएमा भिविन्न बहाना बनाएर धम्की समेत दिने गरेको ती महिलाले बताईन । वडाअध्यक्ष पाललेनै गाउँकी एक छिमेकीको सँग समान्य वादविवाद हुँदा छिमेकीको बुहारी पर्नेको गर्भपतन भएको भन्दै प्रहरीमा उजुरी दिन लगाएर ७ लाख बिगो दावी गरेका थिए ।

सो समय आफुलाई थुनामा समेत राखेपछि नातामा नाति पर्नेले ९० हजार धरौटीमा छुटाएर ल्याए पनि वडाअध्यक्ष पालले भुक्याएर आफु र श्रीमान सँग पनि ३ लाखको कपाली तमसुक कागज समेत बनाएको महिलाले आरोप लगाईन् । जसो तसो श्रम गरेर चार जना बाल बच्चा पालिरहेकी ती महिलालाई वडा अध्यक्ष पालले यतिबेला घर खाली गर्न समेत दवाव दिने गरेको आरोप लगाएकी छिन् । गत स्थानिय तह निर्वाचनमा नेकपा एसबाट निर्वाचित वडाअध्यक्ष पालले राती डर लगेमा दिनको समयमा चन्द्रनिगहपुरको होटलमा जान समेत प्रस्ताव गर्ने गरेको आरोप ती महिलाले लगाएकी छन् ।

आफु सँग यौन सम्बन्ध नराखेमा बलात्कार समेत गरेर मर्ने धम्की दिने गरेको महिलाको आरोप छ । तर, यस विषयमा वडाअध्यक्ष पालसँग बुझ्दा यो आरोप गलत रहेको बताएका छन् । उनले आफु कुनै बेला ती महिलालाई फोन समेत नगरेको दावी गरेका छन् । वडाअध्यक्ष पालले भने, यो कसैले षडयन्त्र गरेर आफुलाई फसाउने प्रयास गरेको बताएका छन् । आफु ती महिला सँग कहिल्यै नबोल्ने र फोन समेत नगरेको दावी गरेका हुन् ।

# नगर बाल संजालद्वारा सडक नाटक प्रदर्शन




दिवेशकुमार महतो

**जेठ १४ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका मा रहेको मिथिला नगर बाल संजालले सडक नाटक प्रदर्शन गरेका छन्।

शनिबार सोहि नगरपालिकाको वार्ड नं -४ पुष्पवलपुरस्थित सडक नाटक प्रदर्शन गरिएको हो ।

"जय बालबालिका जय बालमैत्री"

भन्ने मुल नाराका साथ समाजमा बालबालिकाको अधिकार र भेदभाव रहित समतामुलक समाज निर्माण गर्ने उदेश्यले सडक नाटक मार्फत् समय सान्दर्भिक अभिनय गरेका थिए। नाटकमा लागुऔषध प्रयोगकर्ताको आनीबानीले समाजमा र व्यक्तिगत जिवनमा पर्ने नकरात्मक प्रभाव बारे चित्रण गर्न खोजिएको थियो।

मिथिला नगरपालिका लाई बालमैत्री स्थानीय शासन घोषणा गर्नका निम्ति नगर बाल संजालले विभिन्न किसिमको जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ। सोहि सडक नाटक हेर्नका लागि सयौं को संख्यामा स्थानीय वासीहरुको उपस्थिति रहेको थियो। मिथिला नगर बाल संजाल ढल्केवर धनुषाको आयोजना र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश को समन्वय मा सडक नाटक प्रदर्शन गरिएको कुरा मिथिला नगर बाल संजालका अध्यक्ष दिपेश कुमार सिंहले बताउनुभयो।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

# भारत तस्करी गर्न लागिएको मदिरासहित मोटरसाइकल बरामद

खबर दर्पण समाचारदाता

**जेठ १४ गते, महोत्तरी**

महोत्तरी प्रहरीले गएराति नेपालबाट भारततर्फ तस्करी गर्न लागिएको ठूलो परिमाणको मदिरा र भार तीय नम्बरको मोटरसाइकल बर ामद गरेको छ ।

जिल्लाको पश्चिमी सीमावर्ती मनर ासिस्वा नगरपालिका-९ स्थित दशगजा क्षेत्रबाट भारततर्फ तस्करी गर्न लागिएको अवस्थामा प्रहरीले २२ कार्टुन मदिरा र एक थान मोटरसाइकल बरामद गरेको प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताए ।

भारतको विहार राज्यमा मदिरा प्रतिबन्धित रहेको अवस्थामा गएराति बीआर ३२ बी ८९२७ नम्बरको मोटरसाइकलमा मदिरा नेपालबाट भारततर्फ लैजाँदै गर्दा दशगजा क्षेत्रमा गस्तीका लागि गएको प्रहरी टोलीलाई देखेर तस्कर मोटरसाइकल र मदिरा छाडेर भागेका थिए ।

प्रहरीले सीमा क्षेत्रबाट बरामद गर ेको मदिरा र मोटरसाइकल आवश्यक कारबाहीका लागि जिल्लाको मूल भन्सार कार्यालय जलेश्वरमा बुझाउने तयारी गरि रहेको जनाएको छ ।






खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा